त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्काय
डीनको कार्यालय, बल्खु, काठमाडौं ।

# स्नातकोत्तर तह (MA) को नयाँ विद्यार्थी भर्ना सम्बन्धी सूचना

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डीनको कार्यालयबाट सेमेस्टर प्रणालीमा आधारित **शैक्षिक वर्ष २०२०** को स्नातकोत्तर तहमा नयाँ विद्यार्थी भर्ना कार्यक्रम देहाय बमोजिम सञ्चालन हुने भएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

- **आवेदनका लागि न्यूनतम योग्यता:** त्रि.वि. वा यसबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण (स्नातक तह पहिलो र दोस्रो वर्ष उत्तीर्ण भएका र तेस्रो वर्षको नतिजा पर्खाइमा रहेका परीक्षार्थीहरु पनि यस प्रवेश परीक्षामा सहभागी हुन सक्नेछन् । तर भर्ना हुँदा स्नातक तह उत्तीर्ण भएको शैक्षिक प्रमाण-पत्र अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ) ।
- **आवेदन फाराम बुझाउने अवधि:** २०७६ साल पौष ४ गतेदेखि माघ ३ गतेसम्म,
- **विलम्ब शुल्क सहित फाराम बुझाउने अवधि:** २०७६ साल माघ ५ गतेदेखि १० गतेसम्म,
- **आवेदन दस्तुर:** रु.१५००/ र विलम्ब दस्तुर रु. ३०००/
- **प्रवेश परीक्षा मिति:** २०७६ साल माघ १८ गते दिउँसो १२:३० बजे,
- **नतिजा प्रकाशन:** २०७६ साल माघ २२ गते,
- **विद्यार्थी भर्ना :** २०७६ साल माघ मसान्तसम्म,
- **कक्षा सञ्चालन:** २०७६ साल फागुन पहिलो हप्ताबाट,
- **आवेदन फाराम बुझाउने स्थान:** विद्यार्थीले भर्ना हुन चाहेको विषयसँग सम्बन्धित केन्द्रीय विभाग/आङ्गिक तथा सम्बन्धनप्राप्त क्याम्पस/कलेज,
- आवेदन फाराम सम्बन्धित केन्द्रीय विभाग/क्याम्पस/कलेजबाट प्राप्त गर्नसकिने छ । साथै, यस सङ्कायको website:www.tufohss.edu.np बाट Download गरी समेत प्राप्त गर्न सकिने छ ।
- प्रवेश परीक्षा केन्द्र सम्बन्धी सूचना यस सङ्कायको website मा पछि प्रकाशित गरिने छ ।
- **यस सङ्काय अन्तर्गत स्नातकोत्तर तहमा पठनपाठन हुने विषयहरु:** मानवशास्त्र, बौद्ध अध्ययन, संस्कृति, अर्थशास्त्र, अङ्ग्रेजी, नृत्य, ललितकला, लैङ्गिक अध्ययन, भूगोल, हिन्दी, इतिहास, गृहविज्ञान, पत्रकारिता, पुस्तकालय विज्ञान, भाषा विज्ञान, मैथिली, नेपालभाषा, नेपाली, राजनीतिशास्त्र, जनसंख्या अध्ययन, मनोविज्ञान, ग्रामीण विकास, संस्कृत, समाजशास्त्र, खेलकुद विज्ञान (यी मध्ये केही विषयहरुमा सम्बन्धित विषयमा नै स्नातक उत्तीर्ण तथा विशेष पूर्वशर्तहरु हुनु पर्ने प्रावधान भएकाले पढ्न चाहेको क्याम्पस/कलेजमा सम्पर्क राख्नु पर्ने ) आदि ।

**नोट**:सम्बन्धित केन्द्रीय विभाग/क्याम्पसहरूले परीक्षार्थीहरुको नामावली र सक्कल बैंक भौचर २०७६ साल माघ ६ गतेभित्र र विलम्ब शुल्कमा फाराम भरेका परीक्षार्थीहरुको माघ १२ गतेभित्र यस कार्यालयमा पठाइसक्नु पर्नेछ । साथै, विद्यार्थीहरुको नामावली सम्बन्धित केन्द्रीय विभाग/क्याम्पस/कलेजहरुले यस संकायको website: www.tufohss.edu.np मा उपलब्ध नमुना बमोजिम Excel File मा यस कार्यालयको email: support@tufohss.edu.np मा समेत पठाउनु पर्नेछ ।

**सहायक डीन**